# बाह्य विज्ञापन सम्बन्धी मापदण्ड, २०८१

बोर्डबाट स्वीकृत मितिः२०८१/०२/३१

**प्रस्तावना**: वस्तु वा सेवाको प्रचार प्रसारको लागि होर्डिङ्ग बोर्ड मार्फत गरिने बाह्य विज्ञापनलाई ब्यवस्थित गरी विज्ञापन सम्बन्धी अभ्यासमा एकरुपता कायम गर्न वान्छनीय भएकोले,

विज्ञापन (नियमन गर्ने) ऐन, २०७६ को दफा ३७ ले दिएको अधिकार प्रयोग गरी विज्ञापन बोर्डले देहायका मापदण्डहरु निर्धारण गरेको छ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ**: (१) यी मापदण्डहरुको नाम बाह्य विज्ञापनसम्बन्धी मापदण्ड, २०८१ रहेको छ।

(२) यी मापदण्ड सम्बत २०८१ साल साउन १ गतेदेखि प्रारम्भ हुनेछन्।

२. **परिभाषाः** (१) विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यी मापदण्डमा;

(क) "आचारसंहिता" भन्नाले विज्ञापन उत्पादन, वितरण, प्रकाशन तथा प्रसारण सम्बन्धी आचारसंहिता, २०७९ सम्झनु पर्छ।

(ख) "ऐन" भन्नाले विज्ञापन (नियमन गर्ने) ऐन, २०७६ सम्झनुपर्छ।

(ग) "नियमावली" भन्नाले विज्ञापन (नियमन गर्ने) नियमावली, २०७७ सम्झनुपर्छ।

(घ) "परिचयपाटी" भन्नाले कसैले आफ्नो ब्यापार, ब्यवसाय वा सेवाको जानकारी दिन वा कार्यालय रहेको स्थानको जानकारी गराउन राखिने विशेष प्रकारको पाटी वा बोर्ड सम्झनु पर्छ।

(ङ) "प्रदर्शन" भन्नाले कुनै बस्तु, सेवा, कार्यक्रम, स्थान वा परिचय दिने उद्देश्यले सार्वजनिक स्थानबाट देखिने गरी राखिएका बाह्य विज्ञापन सम्झनुपर्छ।

(च) "बाह्य विज्ञापन" भन्नाले होर्डिङ्ग बोर्डमार्फत गरीने विज्ञापन सम्झनुपर्छ।

(छ) "बोर्ड" भन्नाले ऐनको दफा १४ बमोजिम गठन भएको विज्ञापन बोर्ड सम्झनुपर्छ।

(ज) "वडा" भन्नाले सम्बन्धित स्थानीय तहको वडा सम्झनुपर्छ।

(झ) "स्थानीय कानून" भन्नाले नगर सभा वा गाउँ सभाले बनाएको कानून सम्झनुपर्छ।

(ञ) "स्थानीय तह" भन्नाले गाउँपालिका वा नगरपालिकालाई सम्झनुपर्छ।

(ट) "होर्डिङ्ग बोर्ड" भन्नाले विज्ञापन प्रदर्शनको लागि राखिएको वा राखिने साधन सम्झनु पर्दछ र सो शब्दले विज्ञापन गर्ने प्रयोजनका लागि निर्माण भएका अन्य संरचनालाई समेत जनाउनेछ।

(२) विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा, ऐन वा नियमावलीमा परिभाषा भई यस मापदण्डमा उल्लेख भएका शब्द वा पदावलीको अर्थ ऐन वा नियमावलीको परिभाषा बमोजिम नै हुनेछ।

## परिच्छेद-२

## बाह्य विज्ञापन सम्वन्धी मापदण्ड

३. **बाह्य विज्ञापन गर्न सकिनेः** आफ्नो उत्पादन वा बिक्री वितरण गर्ने वस्तु वा सेवाको गुणस्तर, विशेषता वा उपभोग गर्ने विधि उल्लेख गरी त्यस्ता वस्तु वा सेवाको प्रवर्द्धन गर्न, उपभोक्ता समक्ष बस्तु वा सेवाको जानकारी पुऱ्याउन वा आफूले आयोजना गरेको कुनै कार्यक्रम वा अवसरको जानकारी गराउन वा सार्वजनिक सूचनासहित परिचयपाटीमा आफ्नो कार्यालय वा व्यवसाय रहेको स्थानको परिचय गराउन वा प्रचलित कानूनको अधीनमा रही विज्ञापन गर्न वा गराउन बाह्य विज्ञापन गर्न सकिनेछ।

४. **बाह्य विज्ञापन गर्न सकिने स्थानः**(१) कानून बमोजिम बाह्य विज्ञापन गर्न देहायका स्थानमा होर्डिङ्ग बोर्ड राख्न सकिनेछः-

(क) सार्वजनिक घर, भवन वा जमिन,
(ख) निजी घर, भवन वा जमिन,
(ग) सडक आसपासको क्षेत्र,
(घ) शहरका मुख्य चोक तथा भित्री सडक,
(ङ) बसपार्क, बस बिसौनी, रेल स्टेशन, विमानस्थल,
(च) सपिङ्ग मल, चलचित्र घर वा नाट्यशाला,
(छ) रंगशाला, व्यायामशाला वा सार्वजनिक उद्यान,
(ज) स्थानीय हाट, बजार, जात्रा वा मानिस आवत-जावत गर्ने वा भेला हुने ठाउँ,
(झ) कार्यालय वा व्यवसाय रहेको स्थान,
(ञ) अन्य उपयुक्त स्थान ।

(२) उपदफा (१) बमोजिमको स्थानमा बाह्य विज्ञापन गर्दा ऐनको दफा ४ बमोजिम स्थानीय तहबाट अनुमति लिई यस मापदण्ड बमोजिम गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिमको स्थानमा बाह्य विज्ञापन गर्दा कुनै भौतिक संरचना निर्माण गर्नु पर्ने भएमा स्थानीय तहमा त्यस्ता संरचनाको ड्रईङ्ग, डिजाइन वा स्केच पेश गरी अनुमतिपत्र लिनु पर्नेछ।

(४) उपदफा (३) बमोजिम अनुमतिपत्र लिदा कानून बमोजिम निर्धारित शुल्क बुझाउनु पर्नेछ।

५. **बाह्य विज्ञापन गर्न नहुने:** (१) कानून बमोजिम विज्ञापन गर्न रोक लगाएका वस्तु वा सेवाको बाह्य विज्ञापन गर्न वा गराउन हुदैन ।

(२) उपदफा (१) विपरीत विज्ञापन गरेकोमा कानून बमोजिम कारवाही हुनेछ।

(३) कुनै व्यक्तिले राखेको होर्डिङ्ग बोर्ड वा होर्डिङ्ग बोर्डको विज्ञापन अवरोध हुने गरी अर्को होर्डिङ्ग बोर्ड वा परिचयपाटी राख्न हुदैँन।

तर एउटा होर्डिङ्ग बोर्ड वा परिचयपाटीसंगै अर्को होर्डिङ्ग बोर्ड वा परिचयपाटी राख्न र निश्चित दुरी कायम गरी वा अर्को तलामा निश्चित आकारमा परिचयपाटी राख्न यस मापदण्डले बाधा पुऱ्याएको मानिने छैन।

(४) भित्ते लेखन, सटर पेन्टिङ्गजस्ता स्थानीय सौन्दर्यमा प्रतिकुल प्रभाव पार्ने बाह्य विज्ञापनमा स्थानीय तहले आवश्यक कानून बनाई नियमन गर्न सक्नेछ।

६. **निषेधित क्षेत्र घोषणा गर्न सक्ने:** (१) स्थानीय तहले प्रचलित कानून वा आचार संहिता विपरीत कुनै धार्मिक, साँस्कृतिक, ऐतिहासिक, पुरातात्विक, शैक्षिक, स्वास्थ्य संस्थाबाट निश्चित दुरी भित्र कुनै खास प्रकारका वा सवै प्रकारका बाह्य विज्ञापन गर्न नपाउने गरी विज्ञापन निषेधित क्षेत्र घोषणा गर्न सक्नेछ।

(२) निषेधित क्षेत्र घोषणा गर्दा देहायका आधार लिनु पर्नेछ:

(क) विश्व सम्पदा सूचीमा परेका क्षेत्र र सो क्षेत्रमा पुग्ने प्रवेश मार्ग,

(ख) धार्मिक, सांस्कृतिक तथा पर्यटकीय दृष्टिले महत्वका क्षेत्रहरु,

(ग) ऐतिहासिक तथा पुरातात्विक क्षेत्रहरु,

(घ) प्राकृतिक सम्पदा तथा क्षेत्रहरु,

(ङ) संवेदनशिल क्षेत्र, कार्यालय, स्थान वा त्यस आसपासका स्थानहरु,

(च) विद्यालय, विश्वविद्यालय, अस्पताल जस्ता क्षेत्रहरु,

(छ) सामाजिक तथा रणनीतिक महत्वका स्थानहरु,

(ज) स्थानीय तहले तोकेको अन्य स्थानहरु।

(३) उपदफा (२) बमोजिम निषेधित क्षेत्र घोषणा गरेको सूचना सार्वजनिक रुपमा प्रकाशन गर्नु पर्नेछ र सो को जानकारी स्थानीय तहले बोर्डलाई पनि गराउनु पर्दछ ।

(४) उपदफा (१) बमोजिम विज्ञापन निषेध गरिएको क्षेत्रभित्र बाह्य विज्ञापन गर्न हुदैन ।

## परिच्छेद-३

## हो‍र्डिङ्ग बोर्ड तथा बाह्य विज्ञापन आकार सम्बन्धी मापदण्ड

७. **होर्डिङ्ग बोर्डको आकार र स्थान**: (१) आफ्नो पेशा वा व्यवसाय संचालन गर्ने व्यक्तिले निजको घर वा कार्यालय परिसरभित्र सार्वजनिक सडक वा जग्गामा बाधा नपर्ने वा सर्वसाधारणको सुरक्षामा असर नपर्ने र कानून विपरित नहुने गरी पेशा वा व्यवसायका सम्बन्धमा बढीमा तीस वर्गफिट सम्मको एउटा परिचयपाटी राख्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको परिचयपाटीमा विज्ञापनसमेत राख्ने भएमा निर्धारित कर भुक्तानी गरी स्थानीय तहबाट अनुमति लिनु पर्दछ ।

(३) उपदफा (१) बमोजिमको आकार भन्दा बढी वा थप आकारको परिचयपाटी वा थप विज्ञापन राख्नु पर्ने भएमा स्थानीय तहले निर्धारण गरेको कर भुक्तानी गरी अनुमति लिनु पर्दछ।

(४) सडक वा राजमार्गमा बाह्य विज्ञापन राख्न स्थानीय तहले कानून बमोजिम अनुमतिपत्र दिदा सडक किनाराबाट शहरी क्षेत्र भए कम्तिमा पाँच फिट र राजमार्ग भए कम्तिमा दश फिट छोडेर मात्र बाह्य विज्ञापन राख्न अनुमति प्रदान गर्नु पर्दछ ।

(५) सडक वा राजमार्गको घुम्तिमा बाह्य विज्ञापन राख्दा अगाडिबाट आईरहेको सवारी साधन छेकिने वा नदेखिने गरि अनुमति प्रदान गर्नु हुदैन ।

(६) सडक वा राजमार्गको दायाँ-बाँयाका होर्डिङ्ग बोर्डमा फ्लेक्स प्रिन्टबाट विज्ञापन गर्दा कम्तिमा छ महिनाभित्र नयाँ प्रिन्ट राख्नु पर्नेछ ।

(७) होर्डिङ्ग बोर्डमा हुने विज्ञापनको स्वीकृति नं., मिति र अवधि खुलाउनु पर्दछ । अवधि समाप्त भएमा होर्डिङ्ग बोर्डको अवधि समाप्त हुनु भन्दा एक महिना अगावै नवीकरण गर्नु पर्नेछ । नवीकरण नभएमा त्यस्ता होर्डिङ्ग बोर्ड हटाउनु पर्नेछ ।

(८) खुईलिएका, च्यातिएका वा पढ्न वा बुझ्न नसकिने होर्डिङ्ग बोर्ड वा परिचयपाटी सम्बन्धित व्यक्तिले अविलम्ब हटाउन वा परिवर्तन गर्नुपर्नेछ र नहटाएमा वा परिवर्तन नगरेमा सम्बन्धित स्थानीय तहले हटाउन निर्देशन दिन सक्नेछ । यस्तो निर्देशन पालना नगर्ने र खुईलिएका, च्यातिएका होर्डिङ्ग बोर्ड वा परिचय पाटी राख्ने व्यक्तिलाई स्थानीय तहले जरिवाना गर्न सक्नेछ ।

(९) उपदफा (८) बमोजिम दिएको निर्देशन बमोजिम होर्डिङ्ग बोर्ड वा परिचयपाटी नहटाएमा तथा उपदफा ८ बमोजिम नविकरण नगरेमा स्थानीय तहले आफैँ हटाउन सक्नेछ र त्यस वापतको खर्च सम्बन्धित विज्ञापनदाता, विज्ञापन एजेन्सी वा अन्य संघ-संस्था वा व्यक्तिबाट असुल उपर गर्नेछ।

८. **होर्डिङ्ग बोर्ड राख्दा ध्यान दिनु पर्ने विषयः-** होर्डिङ्ग बोर्डको संरचना निर्माण अनुमति प्रदान गर्दा स्थानीय तहले देहायको विषयमा ध्यान दिनु पर्नेछः-

(क) होर्डिङ्ग बोर्ड राख्ने स्थानको भौतिक संरचना,

(ख) होर्डिङ्ग बोर्डको आकार,

(ग) होर्डिङ्ग बोर्डको तौलको अनुपातमा घर, भवन वा राखिने बोर्डको भार वहन क्षमता,

(घ) सडक वा राजमार्ग भए सडक सीमाबाट होर्डिङ्ग बोर्ड राखिने ठाउँसम्मको दुरी वा घुम्ती।

(ङ) सम्बन्धित स्थानीय तहले तोकेका अन्य विषय।

९. **अनुमति प्रदान गर्दा ध्यान दिनुपर्ने विषय**: (१) होर्डिङ्ग बोर्ड राख्न अनुमति दिने स्थानीय तहले दफा ८ बमोजिमको विषयमा स्थलगत निरीक्षण गरी उपयुक्त देखिएमा होर्डिङ्ग बोर्ड निर्माण गर्न अनुमति दिन सक्नेछ।

(२) डिजिटल बोर्डमार्फत हुने विज्ञापनको अनुमति प्रदान गर्दा देहायका विषयमा समेत ध्यान दिनु पर्नेछः-

(क) डिजिटल बोर्ड राखिएको स्थानको सिसिटिभि मनिटरिङ्ग गर्ने व्यवस्था भए वा नभएको,

(ख) असम्बन्धित व्यक्तिको प्रवेश हुन नदिन वायोमेट्रिक प्रणालीको व्यवस्था गरे वा नगरेको,

(ग) बाह्य पोर्टको प्रयोग नहुने सुनिश्चितता गरे वा नगरेको,

(घ) सुरक्षित पासवर्ड राखे वा नराखेको,

(ङ) प्राइभेट नेटवर्क प्रयोग भए वा नभएको,

१०. **स्थान पहिचान र वर्गीकरण:** (१)बाह्य विज्ञापन राख्न अनुमति दिनुअघि स्थानीय तहले बाह्य विज्ञापन राख्न दिने स्थान पहिचान गरी देहाय बमोजिम वर्गीकरण गर्न सक्नेछ:

(क) मानिसको भिडभाड बढी हुने शहरी क्षेत्रको मुख्य चोक, मुख्य सडक, विमानस्थल, बस विसौनी, चलचित्र घर,नाट्यशाला, रंगशाला वा अन्य मुख्य सार्वजनिक ठाँउ भए "क" वर्ग,

(ख) शहरका अन्य सडक, भित्री चोक वा अन्य सार्वजनिक ठाउँ वा राजमार्ग भए "ख" वर्ग,

(ग) शहर आसपासका क्षेत्र तथा भित्री सडक र गल्ली भए "ग" वर्ग,

(घ) खण्ड (क), (ख) वा (ग) मा उल्लेख भएका बाहेक अन्य स्थान भए "घ" वर्ग।

(२) उपदफा (१) बमोजिमको स्थानमा स्थानीय तहले होर्डिङ्ग बोर्ड राख्न अनुमति प्रदान गर्न सक्नेछ।

(३) सवारी साधनको आवागमनमा बढी चाप हुने शहरका चोक वा तीव्र गतिमा सवारी साधन चल्ने सडक वा राजमार्गमा सवारी दुर्घटना हुन नदिने गरी डिजिटल बोर्डको अनुमति प्रदान गर्नु पर्नेछ।

(४) बाह्य विज्ञापनमा कुनै ब्यक्ति वा कलाकारको तस्बीर राख्नु पर्ने भए स्वदेशी ब्यक्ति वा कलाकारको तस्बीर प्रयोग गर्नु पर्नेछ।

११. **<u>सवारी साधनमा हुने विज्ञापन</u>**:(१) सार्वजनिक सवारी साधनमा विज्ञापन गर्न चाहने व्यक्ति वा संस्थाले सवारी साधन सञ्चालन गर्ने कम्पनी वा समिति दर्ता भएको स्थानीय तहबाट सवारी साधनमा विज्ञापन गर्न अनुमति लिई त्यस्तो विज्ञापन गर्न सक्नेछ।

(२) निजी सवारी साधनमा विज्ञापन गर्न चाहने व्यक्ति वा संस्थाले निजी सवारी साधन दर्ता भएको स्थानीय तह वा सवारी धनी बसोवास गरेको स्थानीय तहबाट अनुमति लिई त्यस्तो सवारी साधनमा विज्ञापन गर्न सक्नेछ।

(३) सवारी साधनमा विज्ञापन गर्न अनुमति प्रदान गर्दा स्थानीय तहले देहायको विषयलाई ध्यान दिनु पर्नेछ:

(क) सवारी तथा यातायात सम्बन्धी प्रचलित कानून बमोजिम तोकिएका मापदण्ड विपरित हुन नहुने,

(ख) विज्ञापनले सवारी साधनको पुरै शिशा ढाक्न नहुने वा एकतर्फी देखिने स्टिकरको प्रयोग हुने,

(ग) सवारी साधनको स्वरुपमा परिवर्तन गर्न नहुने ।

(४) विज्ञापन राख्न अनुमति प्राप्त सवारी साधनमा विज्ञापन राखिएको स्थानसँगै स्वीकृति नम्बर, मिति र विज्ञापन राख्ने अवधि खुलाउनु पर्नेछ।

(५) विज्ञापन राख्ने अवधि पूरा भएपछि सवारी साधनबाट विज्ञापन हटाउनु पर्नेछ।

(६) अनुमतिपत्र तथा कर चुक्ता गरेको प्रमाण सवारी साधनमा राख्नु पर्दछ र कुनै स्थानीय तह वा स्थानीय प्रशासनले हेर्न चाहे देखाउनु पर्नेछ।

१२. **अन्य स्थानमा हुने विज्ञापनः** (१) चलचित्र घर, नाट्यशाला, कुनै कार्यक्रम, कन्सर्ट वा खेलकुद प्रतियोगिता मेला, महोत्सवमा विज्ञापन गर्न चाहने व्यक्ति वा संस्थाले स्थानीय तहबाट अनुमति लिई विज्ञापन गर्न सक्नेछ।

(२) अनुमति प्रदान गर्दा कार्यक्रमको अवधि र त्यसमा हुने विज्ञापनको कारोबारका आधारमा कर लिएर अनुमति प्रदान गर्नु पर्नेछ।

१३. **कर, शुल्क तथा धरौटी रकम लिनु पर्नेः** (१) स्थानीय तहले बनाएको ऐन बमोजिम बाह्य विज्ञापन वापत देहायका कर, शुल्क तथा धरौटी रकम बुझाउनु पर्दछ:-

(क) निजी जग्गा, घर वा भवनमा बाह्य विज्ञापन गरेवापत प्राप्त बहालको कर,

(ख) सार्वजनिक जग्गा, घर वा संरचनामा विज्ञापन राखेवापतको बहाल वा बहालकर,

(ग) अनुमति वा नवीकरण दस्तूर,

(घ) होर्डिङ्ग बोर्ड वा संरचना हटाउन लाग्ने धरौटी रकम,

(ङ) विज्ञापन कर,

१४. **विज्ञापन हटाउनु पर्नेः** (१) अनुमति नलिएका होर्डिङ्ग बोर्ड स्थानीय तहले अविलम्ब हटाउनु पर्दछ।

(२) अनुमतिको अवधि पुरा भएका होर्डिङ्ग बोर्डको निर्धारित अवधिभित्र नवीकरण गर्नु पर्दछ।

(३) अनुमतिको अवधि पूरा भएका र समयमा नवीकरण नगरिएका होर्डिङ्ग बोर्ड तथा निर्माण गरिएका संरचना समयमा नहटाउने विज्ञापनदाता, विज्ञापन एजेन्सी वा अन्य संघ-संस्थालाई स्थानीय तहले निश्चित अवधि तोकी त्यस्तो विज्ञापन र संरचना हटाउन निर्देशन दिन सक्नेछ।

(४) उपदफा (३) बमोजिमको अवधि भित्र नहटाउने विज्ञापनदाता, विज्ञापन एजेन्सी वा अन्य संघ संस्था वा व्यक्तिले राखेका बोर्ड तथा बोर्ड राख्न बनाईएका संरचना स्थानीय तह आफैले हटाउनु पर्दछ।

(५) उपदफा (४) बमोजिम स्थानीय तहले होर्डिङ्ग बोर्ड वा संरचना हटाउँदा लागेको खर्च धरौटी रकमबाट कट्टा गरी नपुग रकम संरचना निर्माण गर्ने ब्यक्ति वा संस्थाबाट असुल गर्नुपर्दछ ।

(६) स्थायी प्रकृतिका संरचना निर्माण गर्न अनुमति दिएको भए अनुमतिको अवधि समाप्त भएपछि त्यस्ता संरचना स्थानीय तहमा स्वत: हस्तान्तरण हुनेछ।

## परिच्छेद - ४

## अन्य मापदण्ड

१५. **कल्याणकारी वा जनहितका सूचना राख्नुपर्ने:**(१) वाह्य विज्ञापन राख्न अनुमति प्राप्त गर्ने व्यक्ति वा संस्थाले अनुमति अवधि नसकिदै होर्डिङ्ग बोर्डमा उल्लेखित विज्ञापन नरहेमा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहले दिएको लोककल्याणकारी वा सार्वजनिक हितसम्बन्धी विज्ञापन वा सूचना राख्नु पर्दछ ।

(२) डिजिटल बोर्डमा विज्ञापन गर्दा कम्तिमा दश प्रतिशत विज्ञापन वा सूचना सार्वजनिक हित वा जनहितसँग सम्बन्धित हुनुपर्दछ ।

(३) उपदफा (१) र (२) को प्रयोजनको लागि बोर्ड, प्रदेश सरकार वा स्थानीय तहले उपलव्ध गराएका सूचना वा विज्ञापन राख्नु पर्दछ ।

(४) बाह्य विज्ञापन राख्ने प्रयोजनका लागि निर्माण गरिएका होर्डिङ्ग बोर्ड वा संरचनामा विज्ञापन वा सूचना नराखी खाली राख्नु हुदैंन ।

१६. **पालना गर्नु पर्ने:** यस मापदण्डमा जुनसुकै कुरा लेखिएको भएतापनि विज्ञापनको अनुमति प्रदान गर्दा, विज्ञापन गर्दा, विज्ञापनको अनुगमन तथा नियमन गर्दा ऐन, नियमावली, आचारसंहिता र अन्य प्रचलित कानूनको पालना गर्नु सम्बन्धित सबैको कर्तव्य हुनेछ ।

१७. **बाधा अड्काउ फुकाउने अधिकार:** यो मापदण्ड कार्यान्वयनका क्रममा कुनै बाधा अड्चन परेमा बोर्डले आवश्यक सूचना जारी गरी त्यस्तो बाधा अड्चन फुकाउने छ ।